# आपतकालीन आश्रय स्थलमा जीवन यापनको नियम

आपतकालीन आश्रय स्थलमा , सीमित स्थानमा धेरै ब्यक्तिहरु साझा जीवन बिताउनु पर्ने हुन्छ। जापानीहरु पनि बिदेशीहरु पनि नियम पालन गरी सबै मिलेर एक आपसमा सहयोग गरेर जीवन बिताउनु होस।

| | |
|---|---|
| आपतकालीन आश्रय स्थल भन्नाले | दैवी प्रकोपको कारण धर भत्कने आदिले गर्दा आफ्नो धरमा जीवन बिताउन नसक्ने ब्यक्तिहरु केही समयको लागि जीवन यापन गर्ने स्थान हो। |
| आपतकालीन आश्रय स्थलको सञ्चालनको बारेमा | आपतकालीन आश्रय स्थल, गाउँ तथा शहर इत्यादि क्षत्रिय वासिन्दाहरुमा केन्द्रित आपतकालीन आश्रय स्थल सञ्चालन गर्ने संगठन ब्यबस्थापन गरेर सञ्चालन गरिन्छ।<br>तपाईंहरु पनि सबै जना संगठनको कार्यक्रममा सम्मिलित भएर सहयोग गर्न सक्रिय रूपमा सञ्चालनमा भाग लिनुहोस। |
| आपतकालीन आश्रय स्थलमा जीवन यापनको सामान्य नियम तथा म्यानर | कृपया आपसी सहयोग गर्ने भावना लिएर जीवन बिताउनु होस। |
| | जीवन यापनमा बाधा नपर्ने गरी नियम पालन गर्नु होस। |
| | बूढ़ापाकाहरु, शारीरिक रूपमा अपांगहरु तथा बालबालिकाहरु बोकी राखेका ब्यक्तिहरुलाई ध्यान दिनुहोस। |
| | स्वास्थ खराब भएमा तुरुन्त खबर गर्नुहोस। साथै स्वास्थ खराब भएका ब्यक्तिहरु देखिएमा आपतकालीन आश्रय स्थल  सञ्चालन गर्ने संगठनमा खबर गर्नुहोस। |
| | काँचको झ्यालहरु फुटेर काँच छरिएका कोठाहरुमा तथा 'भित्र पस्न मनाही छ' भनेर लेखिएका कोठाहरुमा नपस्नुहोस। |
| | विदेशीहरुमा आफ्नो एउटै भाषा बोल्ने अरु ब्यक्तिहरु भएमा सक्रिय रूपमा जानकारी आदान प्रदान गर्नुहोस। |
| | त्यस बाहेक नबूझेका कुराहरु भएमा आपतकालीन आश्रय स्थल  सञ्चालन गर्ने संगठनमा सल्लाह गर्नुहोस। |
| खाना तथा अन्य पदार्थ | खाना इत्यादि वितरण गरिंदा आफ्नो पालो पर्खनुहोस। |
| | खाना इत्यादि अभाव भएको बेलामा स- साना बालबालिकाहरु, गर्वबतीहरु, अपांगहरु आदि लाई वितरण गर्ने प्राथमिकता दीईंनेमा सहयोग गर्नुहोस। |
| | खाना समय टोकेर वितरण गरिने छ।<br>वितरणको बेलामा आपतकालीन आश्रय स्थल  दर्ता कार्ड पेश गर्नु जरूरी हुनेछ। |
| | स- साना बाल बालिकाको खाना (बेबी फुद), पाउडर दूध, जाऊलो तथा डायपर आदि जरूरी ब्यक्तिहरुलाई वितरण गरिने भएकोले आपतकालीन आश्रय स्थल  सञ्चालन संगठनमा सल्लाह गर्नुहोस। |

| | |
|---|---|
| बस्ने स्थानको उपयोग | बस्ने स्थान (स्पेस) परिवार अनुसार अथवा क्षेत्र अनुसार बांदेर उपयोग गरिन्छ। |
| | बाहिर बाट आपतकालीन आश्रय स्थलमा  फर्कन्दा जूताको हिलो आदि राम्ररी झार्नुहोस।<br>साथै बस्ने ठाउँमा स्वच्छताको लागि जूता फुकाल्नुहोस। |
| | राति सूती राखेका ब्यक्तिहरु नउथ्ने गरी होस पुर्याउनु होस। |
| पाल्तू जनावरको बारेमा | कुकुर तथा बिरालो जस्ता पाल्तू जनावर आपतकालीन आश्रय स्थल भित्र पसाऊँन पाईंदैन।<br>आपतकालीन आश्रय स्थल सञ्चालन संगठनले टोकिएको स्थानमा मालिकले हेरबिचार गर्नु होस। |
| गोप्यताको सुरक्षा | गोप्यताको सुरक्षाको लागि नचाहिने बेलामा अरुको ठाउँमा प्रवेश नगर्नु होला। |
| सर-सफाई | आपतकालीन आश्रय स्थल भित्र सधैं सफा राख्न सबै जना मिलेर सफा गर्नु होस। |
| | आपतकालीन आश्रय स्थल भित्र निस्केको फोहर मैला टोकिएको ठाउँमा मात्रै फल्नुहोस। |
| शौचालय | आपतकालीन अस्थाई शौचालयको उपयोग पछि चर्बीमा पानी हालेर पखाल्ने इत्यदी टोकिएको नियम अनुसार स्वच्छ राख्नुहोस। |
| आगलागीको रोकथाम | बस्ने ठाउँमा आगो प्रयोग गर्न अथवा धूम्रपान गर्न मनाही छ।<br>धूम्रपान टोकिएको ठाउँमा गर्नु होस। |
| फोनको उपयोगको बारेमा | मोबाईल इत्यादिमा गर्ने कुराहरु बस्ने ठाउँमा सकेसम्म नगरीकन त्यहाँ बस्ने अरु ब्यक्तिहरुलाई मर्का नपर्ने गरी गर्नु होस। |
| | बस्ने ठाउँमा म्यानर मोडमा राख्नुहोस। |
| | आपतकालीन आश्रय स्थल भित्र सार्वजनिक फोन (3 वटा, त्यस भित्र 1 वटा अन्तर्राष्ट्रिय कल गर्न मिल्ने) निशुल्क प्रयोग गर्न सकिन्छ।<br>अरु ब्यक्तिहरुलाई पनि ध्यानमा राखेर धेरै लामो कुरा नगर्नु होला। |
| आपतकालीन आश्रय स्थल बन्द गरिने | आपतकालीन आश्रय स्थल बन्द गरिने बेलामा अग्रिम सूचना द्वारा जानकारी दीईन्छ। |
| अन्य | अन्य आपतकालीन आश्रय स्थल , आफ्नो घर तथा परिचित ब्यक्तिको घर इत्यादिमा सर्ने बेलामा अवस्य आपतकालीन आश्रय स्थल सञ्चालन संगठनमा जानकारी दिनु होला। |